संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या -५५
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल भदौ २६ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको ०१:१० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समयमा संविधान सभाका अध्यक्ष स्व.सुवास चन्द्र नेम्वाङ्गको प्रथम स्मृति दिवसको अवसरमा संविधान निर्माणमा उहाँको भूमिका र संसदीय अभ्यासलाई प्रभावकारी बनाउन पुऱ्याउनु भएको योगदानको सम्झना गर्नुहुँदै उहाँप्रति श्रद्धाञ्जली प्रकट, स्वास्थ्य बिमा कार्यक्रम मार्फत उपचार गर्न गएका बिरामीहरुले रेफरका लागि घण्टौं लाईन बस्नुपरेको, आफ्नो अनुकुलको स्वास्थ्य केन्द्रमा उपचार गर्न पाउने व्यवस्था हुनुपर्ने, नेपाल रेडक्रस सोसाईटीको छानविन समितिले विगतमा तयार गरेको सुझाव प्रतिवेदनमाथि ढाकछोप भएको, न्यायालयले समेत विषयको गाम्भीर्यतालाई विश्लेषण नगरी फैसला गर्ने प्रवृति बढेको, झापा जिल्ला बुद्धशान्तीका दलित व्यक्तिमाथि जातिय विभेद भएकोले पीडितलाई तत्काल कानुन बमोजिम न्याय दिनुपर्ने, प्रतिनिधि सभाका उपसभामुखबाट असम्बन्धित व्यक्तिहरुलाई अमेरिका लैजानको लागि गरेको प्रक्रिया पदीय दायित्व र मर्यादा विपरित भएको लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० महेश कुमार बर्तौला
२. मा० हितराज पाण्डे
३. मा० मनिष झा
४. मा० ऋषिकेश पोखरेल
५. मा० शान्ति वि.क.
६. मा० भगवती चौधरी
७. मा० रणेन्द्र बराली
८. मा० प्रतिमा गौतम

त्यसपछि शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० अच्युत प्रसाद मैनाली
२. मा० अनिशा नेपाली
३. मा० अब्दुल खांन
४. मा० डा० अमरेश कुमार सिंह
५. मा० अमृत लाल राजवंशी
६. मा० अर्जुन नरसिंह के.सी.
७. मा० अशोक कुमार चौधरी
८. मा० अस्मा कुमारी चौधरी
९. मा० असिम शाह
१०. मा० ईश्वर बहादुर रिजाल
११. मा० उर्मिला माझी
१२. मा० ईश्वरी घर्ती
१३. मा० एकनाथ ढकाल
१४. मा० कल्पना चौधरी
१५. मा० कालुराम राई
१६. मा० कुसुमदेवी थापा
१७. मा० किरण कुमार साह
१८. मा० कृष्ण कुमार श्रेष्ठ
१९. मा० गणेश पराजुली
२०. मा० गोमा लाभ (सापकोटा)
२१. मा० चन्द्र बहादुर विश्वकर्मा
२२. मा० छिरिङ डम्डुल लामा (भोटे)
२३. मा० जावेदा खातुन जागा
२४. मा० अम्मर बहादुर थापा
२५. मा० छिरिङ ल्हामु लामा (तामाङ)

तत्पश्चात् सम्माननीय सभामुखले २०८१ साल भाद्र १२ गतेको प्रतिनिधि सभाको बैठकमा माननीय योगेश कुमार भट्टराईले विशेष समयमा बोल्ने क्रममा “हिंसा” भन्ने शब्द प्रयोग गर्नुभएकोमा सो शब्द असंसदीय रहेकोले संसदको अभिलेखबाट हटाइयोस् भनी नेपाल कम्यूनिष्ट पार्टी (माओवादी केन्द्र) का प्रमुख सचेतक माननीय हितराज पाण्डे सहितका माननीय सदस्यहरुले विषय उठान गर्नुभएकोमा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१ मा भएको व्यवस्था, मिति २०८१ भाद्र १८ गते वसेको कार्यव्यवस्था परामर्श समितिको बैठकमा भएको छलफल र सचिवालयको राय समेतका आधारमा विषय, प्रसंग र प्रस्तुतिलाई विचार गर्दा उक्त “हिंसा” भन्ने शब्द असंसदीय शब्द नदेखिएको हुँदा संसदको अभिलेखबाट हटाउनु नपर्ने व्यहोरा जानकारी गराउनुहुँदै पछिल्ला बैठकहरूमा कतिपय सन्दर्भमा, प्रतीकात्मक शब्द प्रयोग गर्दा पनि नियमापत्ति गर्ने र शब्दमा बहस हुने गरेको पाइएकोले माननीय

सदस्यहरूलाई संसदमा प्रस्तुत हुँदा शब्द चयनमा सचेतता अपनाउन आग्रह गर्दै प्रतिनिधि सभा नियमावली २०७९ को नियम २१ को व्यवस्था समेत स्मरण गराउनु भयो ।

तदुपरान्त माननीय हितराज पाण्डेले माओवादी जनयुद्धलाई संविधान र विस्तृत शान्ति सम्झौताले समेत स्वीकार गरेर व्याख्या गरिसकेको र शान्ति प्रकृयासमेत टुङ्ग्याउन बाँकी रहेको जानकारी गराउनुहँदै २०८१ साल भदौ १२ गतेको बैठकमा प्रयोग भएको "हिंसा" शब्दको सम्बन्धमा सम्माननीय सभामुखले आज गर्नुभएको रुलिङको निर्णय संविधान र शान्ति सम्झौताको मर्म अनुरुप नआएकोले नेपाल कम्यूनिष्ट पार्टी (माओवादी केन्द्र)को आपत्ति रहेको र यसको विरोध गर्दछ भन्नुभयो ।

त्यसपछि माननीय रघुजी पन्तले प्रतिनिधि सभाको नियमावली अनुसार सम्माननीय सभामुखको रुलिङमाथी प्रश्न गर्न नपाइने भन्नुभयो ।

तत्पश्चात् माननीय माधव सापकोटाले बोल्न समय माग गर्नुहुँदा सम्माननीय सभामुखले यस विषयमा थप बहस र छलफल गरेर निष्कर्षमा नपुगिने भन्नुहुँदै बैठकको निर्धारित कार्यसूची अगाडी बढाउन सहयोग गर्न आग्रह गर्नुभएपछि नेपाल कम्यूनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्यूनिष्ट पार्टी (एमाले)का केही माननीय सदस्यहरु बोल्न समय माग गर्नुहुँदै आ-आफ्नो आशन अगाडी उभिनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूची अनुसार बैठक अगाडी बढाउन माननीय सदस्यहरुलाई पटक पटक आशन ग्रहण गर्न आग्रह गर्नुहुँदासमेत माननीय सदस्यहरु आशन अगाडि उभिइ रहनु भएपछि सम्माननीय सभामुखले प्रमुख प्रतिपक्षको तर्फबाट माननीय देवेन्द्र पौडेललाई समय दिनुहुँदा उहाँले शान्ति सम्झौता, संविधान लगायत कुनैपनि दस्तावेजले जनयुद्ध भनिने आन्दोलनलाई हिंसात्मक नभनेकोले सभामा प्रयोग भएको उक्त "हिंसा" भन्ने शब्द सच्याइयोस् भन्नुभयो ।

त्यसपछि माननीय हितराज पाण्डेले सभाको बैठकमा "हिंसा" भन्ने शब्द जनयुद्धलाई होच्याउने तरिकाले आएको साथै त्यसरी आउनु संविधान विपरित समेत रहेकोले हामीलाई मान्य छैन भन्नुभयो । त्यसपछि माननीय महेश वर्तौलाले प्रतिनिधि सभा नियमावली अनुसार संसदमा प्रयोग भएका शब्दका विषयमा उठेको नियमापत्तिप्रति अन्तिम निर्णय गर्ने अधिकार सम्माननीय सभामुखमा रहको र सम्माननीय सभामुखबाट भएको निर्णयप्रति विरोध गरिनु दुःखद छ भन्नुहुँदै संविधानले २०५२ देखि २०६३ सालसम्म भएको माओवादीका समग्र आन्दोलनलाई सशस्त्र द्वन्द्व भनेको छ र सो सशस्त्र द्वन्द्वमा भएका हिंसाहरु र गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरुको छानविन गर्न यहि सदनबाट बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयकमा समेत गम्भीर मानव अधिकार उल्लङ्घन अन्तर्गत गम्भीर यौनजन्य हिंसा भन्ने शब्द राखिएकोले सशस्त्र द्वन्द्वमा हिंसा भएको विषयलाई सवैले स्वीकार गरेको प्रस्ट बुझिन्छ त्यसैले यस सभामा प्रयोग भएको "हिंसा" भन्ने शब्दमा प्रमुख प्रतिपक्ष दलले विवाद गर्नु उपयुक्त नभएको भन्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय सदस्यहरुलाई आशन ग्रहण गरी निर्धारित कार्यसूची अनुसार सभाको बैठक अगाडी बढाउन सहयोग गरिदिनुहुन पटक पटक आग्रह गर्नुहुँदा समेत माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडी उभिइ नै रहनु भएपछि सम्माननीय सभामुखले आजको बैठकको कार्यसूचीमा रहेको बाँकी सम्पूर्ण कार्यक्रम सूचीबाट हटाईएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८१ साल भदौ ३० गते आइतबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ०२:३० बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव